भोटखोला गाउँपालिका

# संस्था तथा सहकारी सस्था दर्ता सम्वन्धि कार्यविधि २०७७

कार्यपालिकावाट स्वीकृत मिति: २०७७/०५/२७

**प्रस्तावना,**

सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

भोटखोला गाउँपालिका प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम भोटखोला गाउँपालिकाको कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यी कार्यविधिको नाम **"भोटखोला गाउँपालिका संस्था दर्ता कार्यविधि, २०७७"** रहेको छ ।

(२) यो कार्यविधि भोटखोला गाउँपालिका भित्र तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>: (१) विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) **"संस्था"** भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, पुरातात्वीक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, परिषद, अध्ययनकेन्द्र आदि सम्झनुपर्छ र सो शब्दले मैत्री संघ समेतलाई जनाउँछ ।

(ख) **"स्थानीय प्रमुख"** भन्नाले भोटखोला गाउँपालिका प्रमुखलाई जनाउँछ ।

(ग) **"गाउँपालिका उपाध्यक्ष"** भन्नाले भोटखोला गाउँपालिकाका उपाध्यक्षलाई जनाउँछ ।

(घ) **"प्रशासकिय अधिकृत"** भन्नाले भोटखोला गाउँपालिकाका प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ ।

(ङ) **"प्रवन्ध समिति"** भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनुपर्छ ।

(च) **"ऐन"** भन्नाले संस्था दर्ता ऐन २०३४, स्थानीय सरकार संचालन गर्ने ऐन २०७४, भोटखोला गाउँपालिका प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७७ लाई जनाउँछ ।

(छ) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियम विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

३ <u>संस्था दर्ता नगरी सञ्चालन गर्न नहुने</u> : (१) प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम संस्था दर्ता नगरी सञ्चालन गर्न हुदैन । दर्ता नगरी संस्था संचालन गरेमा

त्यस्ता संस्थाका प्रवन्ध समितिका सदस्यहरुलाई भोटखोला गाउँपालिकाले पाँच हजार रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ र सो संस्था खारेज हुनेछ ।

४. **दर्ताको लागि निवेदन :** (१) संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धी विवरण खुलाई वडा कार्यालयको सिफारिस संलग्न राखी अनुसूची ४ को संस्थाको विधानको ढाँचा अनुसार निर्माण गरिएको संस्थाको विधानको ४ प्रति भोटखोला गाउँपालिकाको आर्थिक ऐन बमोजिम दस्तुर तिरी स्थानीय प्रमुख समक्ष अनुसूची -१ मा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

५. **संगठित संस्था मानिने** : (१) यस कार्यविधि अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन गर्न सक्नेछ

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालीस उजुर लाग्नेछ ।

६. **संस्थाको दर्ता र प्रमाण-पत्र** : निवेदन प्राप्त भएपछि स्थानीय प्रमुखले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा निजले अनुसूची-२ बमोजिमको दर्ता किताबमा संस्था दर्ता गर्नु पर्नेछ र त्यसरी संस्था दर्ता गरी सकेपछि अनुसूची-३ बमोजिमको दर्ताको प्रमाण-पत्र दिईनेछ ।

७. **दर्ताको अवधि, नवीकरण र दस्तुर :** (१) संस्था दर्ता प्रमाण-पत्र दिएको एक आर्थिक वर्षसम्म वहाल रहनेछ ।

(२) उपदफा (१) बमोजिम संस्थाको दर्ता वहाल रहने अवधि समाप्त भएको मितिले तीन महिनाभित्र सम्बन्धित व्यक्तिले स्थानीय प्रमुखबाट भोटखोला गाउँपालिकाको आर्थिक ऐन बमोजिम दस्तुर तिरी दर्ताको प्रमाण-पत्र नवीकरण गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नवीकरण हुन नसकेको मनासिव कारण देखाई दर्ताको प्रमाण-पत्र नवीकरणको लागि निवेदन दिन आएमा स्थानीय प्रमुखले उपदफा (२) बमोजिम लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर लिई नवीकरण गरी दिन सक्नेछ :-

(क) उपदफा (२) बमोजिमको म्याद नाघेपछि तीन महिनाको लागि रु. १००।-

(ख) खण्ड (क) को म्याद नाघेपछि आषाढ मसान्त सम्मको लागि रु. २५०।-

(ग) खण्ड (ख) को म्याद नाघेपछि अर्को एक आर्थिक वर्षको लागि रु. १०००।- को दरले दुई आर्थिक वर्षको लागि रु. २,०००।-

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि म्यादभित्र नवीकरण नगराएका संस्थाहरुले दर्ताको प्रमाणपत्र नवीकरण हुन नसकेको मनासिव कारण देखाई ............. नवीकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लागि लाग्ने नवीकरण दस्तुरको अतिरिक्त प्रत्येक आर्थिक वर्षको लागि एकहजार रुपैंयाका दरले थप जरिबाना समेत लिई स्थानीय प्रमुखले त्यस्तो दर्ताको प्रमाण-पत्र नवीकरण गरिदिन सक्नेछ ।

(५) दर्ताको प्रमाण-पत्र नवीकरण गर्ने संस्थाले निवेदन दिंदा कार्य समितिका पदाधिकारीहरुको नामावली संलग्न गर्नु पर्ने छ ।

८. **हिसाबको विवरण पठाउनु पर्ने** : (१) प्रवन्ध समितिले आफ्नो संस्थाको हिसावको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष गाउँपालिकामा नविकरण गर्दा पठाउनु पर्नेछ ।

९. **हिसाब जाँच गर्ने** : (१) स्थानीय प्रमुखले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाव जाँच गराए वापत स्थानीय प्रमुखले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाइ आफूले निर्धारित गरेको दस्तूर असूल गरी लिन सक्नेछ ।

(३) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

१०. **अधिकार प्रत्ययोजनः** (१) अध्यक्ष, उपाध्यक्ष वा प्रशासकिय अधिकृतलाई संस्था दर्ता सम्वन्धि कार्य गर्न अधिकार प्रत्ययोजन गर्न सक्ने छ ।

११. **सुचिकृत गर्नु पर्नेः** (१) स्वदेशी तथा विदेशी गैह्रसकारी संस्थाले भोटखोला गाउँपालिका भित्र संस्था सञ्चालन गर्नु परेमा अनिवार्य गाउँपालिकामा तोकिए बमोजिम शुल्क बुझाई सुचिकृत गरेर मात्र सञ्चालन गर्नु पर्ने छ र आफुले कार्य गरेको प्रगति विवरण, प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्ने छ ।

१२. **संस्थाको विघटन र त्यस्को परिणाम** : (१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा भोटखोला गाउँपालिकामा सर्नेछ ।

१३. **अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने :** (१) कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यवस्था भएकोमा यस कार्यविधि अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो संस्था सोही ऐनबमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

१४. **निर्देशन दिने :** (१) स्थानीय प्रमुखले दर्ता संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

१५. **संस्थाको विधान संशोधन :** (१) संस्थाको विधानमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको प्रवन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्तावउपर छलफल गर्न संस्थाको विधान बमोजिम विशेष अधिवेशन वा साधारणसभावाट बहुमतले संशोधन गरी संशोधन, अर्को संस्थासंग गाउँपालिकाको स्वीकृत लिई गाभ्न सक्ने छ ।

१६ **बचाउः** (१) यस अधि प्रचलित कानून वमोजिम दर्ता भएका संस्थाहरुलाई यसै कार्यविधि बमोजिम दर्ता भए सरह मानिनेछ र त्यस्तो संस्थाहरु गाउँपालिकामा अनिवार्य सुचिकृत गर्नु पर्ने छ ।

अनुसूची – १

(दफा ४ सँग सम्वन्धित)

**निवेदनपत्रको ढाँचा**

श्री गाउँपालिका अध्यक्ष ज्यु,

भोटखोला गाउँकार्यपालिकाको कार्यालय, हटिया,संखुवासभा ।

विषयः ***संस्था दर्ता गरी पाउँ ।***

महोदय,

हामीले ............................. सम्बन्धी संस्था खोल्न चाहेकोले संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं । प्रस्तावित संस्थाको विधानको ४ प्रति पनि यसैसाथ संलग्न गरिएको छ ।

विवरण

१. संस्थाको नाम :-

२. संस्थाको उद्देश्यहरु :-

(क)

(ख)

(ग)

३. प्रवन्ध समितिका सदस्यहरुको

नाम ठेगाना पेशा

(क)

(ख)

(ग)

४. आर्थिक स्रोत :-

५. कार्यालयको ठेगाना :-

मिति :- भवदीय,

पदाधिकारीहरुको

अनुसूची-२

(दफा ६ संग सम्वन्धित

## भोटखोला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## हटिया,संखुवासभा

## दर्ता कितावको ढाँचा

| दर्ता नं. | दर्ता मिति | संस्थाको नाम र ठेगाना | संस्थाको उद्देश्य | संस्थाको पदाधिकारी एवं सदस्यहरुको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची-३

(दफा ६ संग सम्बन्धित)

प्रमाण-पत्रको ढाँचा

## संस्था दर्ताको प्रमाण-पत्र

प्रदेश नं. १, नेपाल

श्री अध्यक्ष/सचिव

............................ ।

................................ (संस्थाको नाम) भोटखोला गाउँपालिका संस्थादर्ता कार्यविधी २०७७ वमोजिम .......... साल .............महिना ..........गतेमा दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

सही:-

पूरा नाम :-

दर्जा :-

कार्यालय :- भोटखोला गाउँकार्यपालिकाको कार्यालय,हटिया,संखुवासभा ।

श्री
भो

## भोटखोला गाउँपालिका, संखुवासभा

### संस्थाको नवीकरण

संस्थको नामः

| नवीकरण नवीकरण गरेको मिति | दर्ताको प्रमाण-पत्र वहाल रहने अवधि | नवीकरण दस्तुर | कार्यालय प्रमुखको दस्तखत र छाप |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

अनुसूची ४

( भोटखोला गाउँपालिका संस्था दर्ता कार्यविधि २०७५ को दफा ४ संग सम्वन्धित)

(यो नमुना मात्र हो आवश्यकता अनुसारका दफाहरु राखेर निर्माण गर्न सकिने छ)

# संस्था विधानको नमुना

# प्रस्तावित संस्थाको नाम

विधान २०..

**प्रस्तावना**

........................................................................................................................................................

वान्छनीय भएकोले यो विधान भोटखोला गाउँपालिका संस्था दर्ता कार्यविधि २०७५ को अधिनमा रही तर्जुमा गरी "........................." को विधान २०........ जारी गरिएकोछ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संस्थाको नाम :**

यस संस्थाको नाम "............................" रहनेछ । अंग्रेजीमा "........................" भनिनेछ । छोटकरीमा यसलाई ..........भनिनेछ ।

(क) **संस्थाको कार्यालय रहने ठेगाना :**

यस संस्थाको कार्यालय संखुवासभा जिल्ला भोटखोला गाउँपालिका वडा नं. ...... मा रहनेछ ।

(ख) **संस्थाको कार्य क्षेत्र :**

यस "...................." संस्थाको कार्य क्षेत्र संखुवासभा जिल्ला हुनेछ । साथै देशको विभिन्न जिल्लाहरु, समेत कार्यक्षेत्र हुने तथा आवश्यकता अनुसार सम्वन्धित जिल्लाको स्थानीय सरकार ( गाउँपालिका/नगरपालिका) को स्वीकृति लिई नेपाल राज्यभित्र कार्य क्षेत्र बिस्तार गरिनेछ ।

(ग) **प्रारम्भ :**

यो विधान अध्यक्षबाट स्वीकृति प्रदान भई संस्था दर्ता भएको मिति देखि प्रारम्भ हुनेछ ।

(घ) **संस्थाको अस्तित्व :**

यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित गैर-नाफामुलक, गैर-राजनीतिक तथा गैर-सरकारी सामाजिक संस्था हुनेछ । संस्थावाट आफ्नो उद्देश्य वाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरिने छैन ।

२. **परिभाषा :**

विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस विधानमा:

(क) **"विधान"** भन्नाले "......................" को विधान २०...... लाई सम्झनुपर्दछ ।

(ख) **"संस्था"** भन्नाले "....................." लाई जनाउँदछ ।

(ग) **"समिति"** भन्नाले यस विधानको दफा १३ वमोजिम गठित कार्य समितिलाई जनाउंछ ।

(घ) **"सभा"** भन्नाले यस विधान वमोजिम बसेको साधारण सभा र विशेष साधारण सभालाई समेत जनाउंछ ।

(ङ) **"पदाधिकारी"** भन्नाले यस संस्थाका पदाधिकारीहरुलाई जनाउंछ ।

(च) **"नियम, विनियम"** भन्नाले यस विधान अन्तर्गत वन्ने नियम विनियमलाई जनाउँदछ ।

(छ) **"स्थानीय प्रमुख"** भन्नाले भोटखोला गाउँपालिकाका स्थानिय प्रमुखलाई जनाउंछ ।

(ज) **"उपाध्यक्ष"** भन्नाले भोटखोला गाउँपालिका उपाध्यक्ष लाई जनाउंछ ।

(झ) **"प्रशासकिय अधिकृत"** भन्नाले भोटखोला गाउँपालिकाका प्रशासकिय अधिकृतलाई जनाउंछ ।

(ञ) **"तोकिएको वा तोकिए"** वमोजिम भन्नाले यो विधान र यस विधान अन्तरगत वनेको नियम विनियममा तोकिएको वा तोकिए वमोजिम सम्झनुपर्दछ ।

३. **संस्थाको छाप र चिन्ह :**

प्रचलित व्यवस्थाको प्रतिकुल नहुने गरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसुचि-१ को ढाँचामा हुनेछ । तर संस्थाको नाम छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधन प्रकृयाद्वारा तुरुन्त संशोधन गरिनेछ छ ।

## परिच्छेद -२
## उद्देश्य

४. **संस्थाको उद्देश्य :**

स्वीकृत लिनु पर्नेमा सम्वन्धित निकायको स्वीकृती लिई देहायको कार्य गर्नु यस संस्थाको उद्देश्य रहने छ :

(क) यो संस्था मुनाफा रहित, जनहितकारी गैर राजनीतिक सामाजिक संस्था हुनेछ ।

(ख)

(ग)

५. **संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :**

यस संस्थाको उपरोक्त उद्देश्यहरु प्राप्त गर्न देहायको कार्यहरु गर्नेछ :

(क) संस्थाले प्रचलित नेपाल कानून वमोजिम सम्वन्धित निकायवाट अनुमति वा ईजाजत प्राप्त गरी मात्र आफ्ना उद्देश्यहरु कार्यान्वयन गर्नेछ ।

(ख) संस्थालाई आवश्यक पर्ने जग्गा खरिद गर्ने, भवन निर्माण गर्ने, भाडामा वा लिजमा लिने छ र कम्प्युटर, टेलिफोन, इन्टरनेट, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

(ग) संस्थालाई आवश्यक पर्ने सल्लाहकार एवं कर्मचारी नियुक्त गर्ने तथा तीनको सेवा शर्तहरु अलग्गै नियम बनाई निर्धारण गर्नेछ।

(घ) संस्थाले आफ्नो उद्धेश्य प्राप्त गर्नको लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ सरकारी तथा गैर सरकारी सस्थाहरुसंग मिली समन्वय एवं सहकार्य गर्ने छ।

(ङ) उद्देश्य प्राप्तिका लागि सम्मेलन, गोष्ठी, तालिम, सेमिनारहरुको आयोजना गर्ने।

## परिच्छेद -३
## सदस्यता

६. **सदस्यहरुको वर्गिकरण :**

यस संस्थाको देहाय वमोजिम ४ प्रकारका सदस्यहरुको वर्गिकरण गरिएको छ :

(क) **साधारण सदस्य :**

यस विधानको दफा ७ वमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले तोकिएको प्रक्रिया अन्तर्गत रही रु ......। शुल्क सहित आवेदन गरेमा संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुने छन्। सदस्यले प्रत्येक वर्ष रु .........। शुल्क बुझाई सदस्यता नविकरण गर्नु पर्ने छ।

(ख) **संस्थापक सदस्यहरु :**

यस संस्था दर्ता हुदाँ वखतका पदाधिकारी, सदस्य, साक्षी, सल्लाहकारहरु संस्थापक सदस्य हुनेछन। संस्थापक सदस्यहले रु ............।- शुल्क बुझाउनु पर्नेछ।

(ग) **आजीवन सदस्य :**

संस्थाको विकासको लागि विशेष सहयोग दान पुऱ्याउने व्यक्तिहरुलाई तोकिएको प्रक्रिया अन्तर्गत आजीवन सदस्यता प्रदान गरिने छ। आजिवन सदस्यहुनका लागि रु ................।- शुल्क बुझाउनु पर्ने छ।

(घ) **मानार्थ सदस्य :**

उपयुक्त ठहर गरेको विशिष्ठ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाजसेवी तथा प्रतिष्ठित व्यक्तिलाई संस्थाको मानार्थ सदस्य प्रदान गर्न सक्नेछ तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन।

७. **सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :**

यस संस्थाको सदस्यको लागि देहाय वमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :

(क) नेपाली नागरिक।
(ख) १६ वर्ष उमेर पुरा गरेको।
(ग) मानसिक सन्तुलन नगुमाएको।
(घ) सार्वजनिक सम्पत्ती हिनामिना गरेको नठहरेको।
(ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको।

८. **संस्थाको सदस्य प्राप्त गर्न वा वहाल रहन नसक्ने अवस्था :**
देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यताको सदस्य पद प्राप्त गर्न सक्ने छैन ।

(क) गैर नेपाली नागरिक ।
(ख) १६ वर्ष उमेर पुरा नगरेको ।
(ग) मगज विग्रेको ।
(घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको ।
(ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय पाएको ।
(च) सम्वन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको ।
(छ) साहूको दामासाहीमा परेको ।
(ज) कुनै प्रकारको चोरी, ठगी, किर्ते गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतवाट कसुर ठहरी पाई मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतवाट कसुर ठहरी सजाय पाई सजाय पाएको एक वर्ष भित्र ।

९. **सदस्यताको समाप्ति :**
१. देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा वहाल रहने छैन ।
(क) यस विधानको दफा ८ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।
(ख) साधारण सभाको ७५ प्रतिशत सदस्यहरुको वहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।
(ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनाम स्वीकृत भएमा ।
(घ) संस्थाको काम कारवाहीमा वेइमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।
(ङ) यस विधान वमोजिम संस्थाले गर्न नहुने भनि तोकिएको कुनै कार्य गरेमा ।
(च) सदस्यता शुल्क बुझाउन वाँकी भएमा ।
(छ) संस्था विघटन भै खारेज भएमा ।
२. कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई, सफाईको सवुद पेश गर्ने मौका दिईने छ ।

१०. **सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :**

यस विधानको दफा ६ बमोजिमको सदस्यहरुले देहाय वमोजिमको उपदफामा तोकिएको शुल्क तिरी, सदस्यता प्राप्त गर्न सक्नेछन् ।
१. **साधारण सदस्य :**
(क) साधारण सदस्य प्राप्त गर्न चाहने व्यक्तिले कार्य समितिले तोकि दिए बमोजिम रू. ........../- वुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्नेलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिने छ ।
(ख) त्यस्ता साधारण सदस्यले बार्षिक नविकरण शुल्क रु. .........../- बुझाउनु पर्नेछ ।
(ग) साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक बर्ष अषाढ महिनाको मसान्त भित्र नविकरण गराई सक्नु पर्नेछ । नविकरण नगराएमा २५% प्रतिशत थप दस्तुर सहित ९० दिन भित्रमा आवश्यक कारण सहित समितिमा आवेदन गर्न आएमा सदस्यता नविकरण गर्न सकिनेछ ।
२. **संस्थापक सदस्य :**
(क) यो संस्था दर्ता हुँदा वखतका तदर्थ समितिका पदाधिकारीहरु, पहिलो सल्लाहकारहरु, संस्था दर्ता हुँदाका वखत वस्ने साक्षीहरु, संस्थापक सदस्य हुनेछन् । निजहरुले रु ................।- शुल्क बुझाउनु पर्ने छ ।

(ख) संस्थापक सदस्यहरुले विधानमा उल्लेख भए बमोजिमको शुल्क बुझाई साधारण सदस्य वा आजीवन सदस्य प्राप्त गर्न सक्नेछ ।

३. **आजीवन सदस्य** :
कार्यसमितिले तोकिदिएको रकम रू. ................../- बुझाई तोकिएको प्रक्रिया अन्तर्गत आवेदन दिने व्यक्तिहरुलाई कार्यसमितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्ने छ ।

४. **मानार्थ सदस्य** :
साधारण सभाको निर्णयले उपयुक्त समाजसेवी, बिशिष्ठ व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिकहरुलाई मानार्थ सदस्य प्रदान गर्न सकिनेछ, तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।

५. कुनै आवेदकलाई सदस्य नदिने निर्णय गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिईने छ ।

६. सबै सदस्यहरुले यस विधान र विधान अन्तर्गत बनेको नियम र विनियम वमोजिम भएको व्यवस्थाको पालना गर्नु पर्ने छ ।

७. संस्थाले प्रदान गरेको उपदफा १, २, ३ र ४ अनुसारको सदस्यहरुको तोकिएको ढांचामा छुट्टै अभिलेख पुस्तिका रहने छ ।

## परिच्छेद -४

## साधारण सभा, कार्य समिति तथा वैठक सम्वन्धी व्यवस्था

११. **साधारण सभा गठन** :

१. यस संस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु वाहेक अन्य सदस्यहरु संस्थाको साधारण सभा गठन हुने छ । मानार्थ सदस्यहरु आमन्त्रित हुने छन् । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

२. यस संस्थाको साधारण सभा, देहाय वमोजिम हुनेछ ।

(क) वार्षिक साधारण सभा : वर्षको एक पटक वार्षिक साधारण सभा वस्ने छ ।

(ख) विशेष साधारण सभा: संस्थाको कूल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा, कार्यसमितिले कम्तीमा ७ (सात) दिन भित्र अनिवार्य रुपमा बोलाउनु पर्दछ । तर साधारण सभा वा विशेष सभा वसेको ६ महिना भित्र पुन: विशेष साधारण सभा वस्न सक्ने छैन ।

३. यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था स्थापना भएको वा आ.व.समाप्त भएको मितिले दुई महिना भित्रमा गरिने छ र त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिना भित्र गरिने छ ।

४. यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ (सात) दिन अगावै सभा हुने स्थान, मिति, समय, र छलफल गर्ने विषय खोली सवै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सूचना दिईनेछ ।

५. उप-दफा ४ वमोजिम बोलाईएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ वमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ (सात) दिनको स्याद दिन पुन: साधारण सभा बोलाईने छ ।

६. साधारण सभा र विशेष साधारण सभाको छुट्टा छुट्टै निर्णय पुस्तिका राखिनेछ ।

१२. **साधारण सभाको काम, कर्तव्य र अधिकार** : साधारण सभाको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ

(क) कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरु र वार्षिक वजेट पारित गर्ने ।

(ख) लेखा परीक्षकबाट प्राप्त भएको वार्षिक लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमित वेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने वेरुजु रकमहरु असुल उपर गरी फर्छ्यौट् गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।

(ग) आगामी वर्षको लागि लेखा परीक्षकको नियुक्ति गर्ने ।

(घ) संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मूल्यांकन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

(ङ) संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरुको विधान वमोजिमको प्रक्रिया अन्तर्गत रही निर्वाचन गर्ने ।

(च) कार्य समितिद्वारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्विकृत गर्ने ।

(छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

(ज) कार्य समितिबाट संस्थाको हित अनुकूल भएका काम-कारवाहीहरुको, औचित्य हेरी अनुमोदन गर्ने

(झ) संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्यसमितिले पेश गरेको कर्मचारीहरुको दरवन्दी, पारिश्रमिक भत्ता, तथा अन्य सुविधाहरुमा आवश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने र आवश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने ।

## १३. कार्य समितिको गठन :

१. साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमको पदाधिारीहरु रहने ....सदस्यियको एक कार्यसमिति गठन गरिने छ ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | १ |
| महासचिव | १ |
| सचिव | १ |
| कोषाध्यक्ष | १ |
| सदस्यहरु | ६ |

(नोटः समितिको संख्या आवश्यकता अनुसार गर्न सकिने छ)

२. कार्यसमितिको कार्यकाल ...... वर्षको हुने छ ।

३. वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा वांकी अवधिका लागि कार्य समितिका सदस्यको मनोनित कार्य समितिद्वारा गर्न सकिनेछ । यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो, सो सदस्य वांकी कार्यकालसम्मका लागि मात्र हुने छ तर अन्य पदहरुको लागि विधान वमोजिम वांकी अवधिको निमित्त निर्वाचन प्रक्रियाद्वारा पद पूर्ति गरिनेछ ।

४. कार्यसमितिको वैठक आवश्यकता अनुसार अध्यक्षले वोलाउने छ । तर कार्य समितिको पदाधिकारीहरुको जम्मा संख्याको ५१% ले वैठक वोलाउन माग गरेमा अध्यक्षले कार्य समितिको वैठक तुरुन्त बोलाउनु पर्नेछ ।

५. कार्यसमितिका पदाधिकारीहरुको कूल संख्याको ५१% पदाधिकारीहरु उपस्थित नभै, कार्य समितिको वैठक वस्ने छैन ।

६. कार्यसमितिको वैठकमा अध्यक्षले गर्ने छ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थित रहेमा वैठकमा उपस्थित भएका अन्य वैठकमा उपस्थित सदस्यहरुले छानेको वा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

७. कार्यसमितिको वैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत वरावर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

८. कार्यसमितिको वैठकमा छलफल भएको विषयहरुको छुट्टै निर्णय कितावमा लेखी राखिने छ र सो निर्णय विवरणमा वैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले सही गर्नु पर्ने छ तर निर्णयमा असहमति जनाउनेहरुले कैफियत खोली सही गर्नु पर्ने छ ।

९. संस्थाले गर्ने भनेको सम्पूर्ण कार्य समितिको निर्णयबाट हुने छ ।

१०. माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्य समितिले गर्न पाउने कुनै कार्यको सम्वन्धमा कार्य समितिका सवै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम वैठक विना पनि गर्न सकिने छ । उपरोक्त वमोजिमको सहमतिलाई कार्य समितिको वैठकको निर्णय सरह मानिने छ ।

१४. **कार्य समितिको काम, कर्तव्य र अधिकार** : कार्यसमितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ

१. संस्थाको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित वजेट वनाई साधारण सभामा प्रस्तुत गर्ने
२. विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने, गराउने ।
३. संस्थाको हितमा हुने कार्यक्रमहरु सञ्चालन गर्ने ।
४. साधारणसभा प्रति उत्तरदायी हुने ।
५. संस्थाको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने ।
६. संस्थाको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरीवेक्षण र अनुगमन गर्ने ।
७. संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र वैंक खाता खोली संचालन गर्ने ।
८. संस्थाको कर्मचारीहरुको सेवा शर्त र सुविधा आदि सम्वन्धी कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागू गर्ने गराउने ।
९. संस्थाको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समितिका अन्य समिति, उपसमिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको बाँडफाँड गरी दिने ।
१०. संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

१५. **पद त्याग गर्न सक्ने** : अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमितिका समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्ने छन् ।

१६. **अन्य समितिहरु** :

१. यस विधानको परिधि भित्र रहेर संस्थाको कार्य संचालनको लागि कार्यसमितिले आवश्यकता अनुसार विभिन्न उप-समितिहरुको गठन गर्न सक्नेछ तर यसरी गठित समितिहरुलाई साधारण सभाको बैठकद्वारा अनुमोदन गराउनु पर्नेछ ।
२. उप-समितिहरुको कार्यहरु कार्य समितिले तोकीदिए बमोजिम हुनेछ ।

## परिच्छेद -५
## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

१७. **पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार** : कार्यसमितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

१. **अध्यक्षको काम, कर्तव्य र अधिकार :**
(क) समिति र सभाको वैठकको अध्यक्षता गर्ने, वैठक संचालन गर्ने र आवश्यक अनुसार बैठकहरु वोलाउन महा सचिवलाई निर्देशन दिने ।
(ख) निर्णायक मत दिने ।
(ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।
(घ) संस्थाको नेतृत्व लिने ।
(ङ) आवश्यकता अनुसार वैठकहरु वोलाउन महासचिवलाई निर्देशन दिने ।
(च) अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने ।

(छ) अभिलेख प्रमाणित गर्ने ।

(ज) भैपरी आउने काम तथा अनुदानको लागि खर्च गर्नु परेमा एक पटकमा रु. १००००/- सम्ममा मात्र गर्न पाउने तर आगामी बैठकमा अनुमोदन गराउनु पर्ने ।

झ) विधानमा उल्लेखित कार्यहरु गर्न साधारण सभाले तोके बमोजिम अन्य आवश्यक कार्य गर्ने ।

२. **उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) अध्यक्षले गर्नु पर्ने काममा सहयोग पुऱ्याउने ।

(ख) अध्यक्षले दिएको जिम्मेवारी पुरा गर्ने ।

(ग) अध्यक्षको अनुपस्थितिमा जिको कार्य गर्ने

३. **महासचिवको काम कर्तव्य र अधिकार :**

(क) संस्थाको सचिवालयको रेखदेख र संचालन गर्ने ।

(ख) अध्यक्षको निर्देशन अनुसार बैठक सभा बोलाउने ।

(ग) संस्थाको सम्पूर्ण चल अचल सम्पतिको पूर्ण विवरण राख्ने र अभिलेख सुरक्षित राख्ने ।

(घ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

४. **सचिवको काम कर्तव्य र अधिकार :**

(क) महासचिवले गनु पर्ने काममा सहयोग पुऱ्याउने ।

(ख) महासचिवले दिनु भएको जिम्मेवारी पुरा गर्ने ।

(ग) महासचिवले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।

५. **कोषाध्यक्षको काम कर्तव्य र अधिकार :**

(क) संस्थाको कोषको रेखदेख र संचालन गर्ने ।

(ख) साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

(ग) लेखा दुरुस्त राख्ने, जिन्सी, चल अचल सम्पतिको मूल्यांकन समेतको विवरण राख्ने

(घ) सदस्यता रजिष्ट्रमा सदस्यहरुको स्पष्ट विवरण राख्ने ।

(ङ) कोष वृद्धिको लागि कार्यक्रम बनाई समितिबाट स्विकृती लिने ।

(च) नियमित रुपमा वार्षिक लेखापरीक्षण गराउने ।

५. **सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

(क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।

(ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

(ग) अध्यक्ष र महासचिवलाई आवश्यक सल्लाह दिने तथा निजहरुको निर्देशनमा संस्थाको हितमा काम गर्ने ।

१८. **गणपूरक संख्या :**

१. कूल सदस्य संख्याको ६७% (सत्सठी प्रतिशत) साधारण सदस्यहरुको उपस्थित नभै साधारण सभाको काम कारवाही हुने छैन ।

२. तर विधानको दफा ११ को (५) मा उल्लेख भए बमोजिम, पुन: बोलाईएको साधारण सभामा कूल सदस्य संख्याको ५१ प्रतिशत उपस्थित भएमा सभा गर्न बाधा पर्नेछैन ।

## परिच्छेद - ६
## आर्थिक व्यवस्था

१९. **संस्थाको कोष :**

१. संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय वमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछन् :

(क) सदस्यता वापत प्राप्त रकम ।
(ख) कसैले स्वईच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम ।
(ग) संस्थाको चल अचल सम्पत्ति वा अन्य वस्तुको विक्रीवाट प्राप्त रकम ।
(घ) विदेशी संस्था व्यक्ति वा अन्तर्राष्ट्रिय संघ संस्थावाट सहयोग वापत प्राप्त रकम ।
(ङ) स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम ।
(च) संस्थाले संचालन गरेका विभिन्न कार्यक्रमबाट प्राप्त रकम ।

२. विदेशी संघ संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृति लिईने छ ।

३. संस्थामा प्राप्त रकम स्थानीय वैंकमा जम्मा गरी वैंक खाता संचालन गरिनेछ ।

२०. **खाता संचालन** : संस्थाको बैंक खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको (अनिवार्य) संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिने छ ।

२१. **कोषको रकम खर्च गर्ने तरिका** : संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय वमोजिमको तरिका अपनाई खर्च गरिने छ ।

(क) संस्थाको वार्षिक वजेट योजना र कार्यक्रम स्वीकृत गरी कोषवाट खर्च गर्न सकिने छ ।
(ख) साधारण सभावाट पारित वजेट र कार्यक्रमको अधिनमा रही कोषवाट रकम खर्च गर्न सकिनेछ ।
(ग) कोषवाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ
(घ) कोषको रकम खर्च गर्दा तोकिए वमोजिम खर्च गर्नु पर्ने छ ।

२२. **संस्थाको लेखा र लेखापरीक्षण :**

१. संस्थाको आय व्ययको लेखा प्रचलित कानून वमोजिम स्पष्ट तवरले राखिनेछ ।
२. संस्थाको लेखा परीक्षण प्रचलित कानून वमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ ।
३. गाउँपालिका अध्यक्षले चाहेमा जुनसुकै वखतमा पनि आफैं वा मातहतका कर्मचारीहरु खटाई संस्थाको हिसाव किताव जाँच गर्न गराउन सक्नेछ ।
४. लेखापरीक्षणको नियुक्ति साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखा परीक्षकको नियुक्ति कार्यसमितिवाट हुनेछ ।
५. संस्थाको लेखा परीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरण १/१ गाउँपालिकामा पेश गरिने छ ।

## परिच्छेद -७
## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्वन्धी व्यवस्था

२३. **निर्वाचन सम्वन्धी व्यवस्था :**

१. कार्यसमितिको निर्वाचन प्रयोजनको लागि बढीमा तीन जना सम्मको एक निर्वाचन समिति कार्यसमितिको सहमतिद्वारा गठन गरिने छ।
२. निर्वाचन समितिले प्रचलित कानूनको परिधि भित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्ने छ।
३. निर्वाचन सम्वन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ।
४. निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समितिको स्वतः विघटन हुने छ।

२४. **उम्मेदवार हुने योग्यता** : कार्यसमितिको उम्मेदवार हुन देहाय वमोजिमको योग्यता पुगेको हुनुपर्ने छ :
(क) यस विधानमा उल्लेख गरे वमोजिमको सदस्यता प्राप्त गरेको व्यक्ति एवं कार्यसमिति बाट निर्धारण गरेको योग्यता पुगेको व्यक्ति।

२५. **अविश्वासको प्रस्ताव :**

१. अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय वमोजिमको रित पुऱ्याई संस्थामा दर्ता गर्नु पर्नेछ।
(क) नेपाली भाषामा शिष्ट शव्दको प्रयोग गरी लेखिएको हुनु पर्छ।
(ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनु पर्छ।
(ग) साधारण सभा सदस्यहरु मध्येवाट कम्तिमा १/४ (एक चौथाई) सदस्यहरुको प्रष्ट नाम थर र ठेगाना सहित खुलाई सही भएको हुनु पर्छ।
२. उपदफा १ वमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा वस्ने स्थान, मिति, समय समेत तोकी संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११ (४) वमोजिम साधारण सभा वा विशेष साधारण सभा वस्ने सूचना दिईने छ।

३. **अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रिया :**
(क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उप-दफा १ वमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्ने छ।
(ख) उप-दफा ३ (क) वमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तिन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ।
(ग) उप-दफा (१) वमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरु राख्न अनुमति दिइने छ।

४. **अविश्वासको प्रस्ताव माथि निर्णय :**

१. अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भए पछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको वहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय वमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्ने छ ।

(क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर वा

(ख) साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

२. साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुई तिहाई) वहुमतले अविश्वासको प्रस्ताव पारित हुने छ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पद मुक्त हुने छन्

३. निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुन: अविश्वासको प्रस्ताव ल्याउन पाईने छैन ।

२६. **विधान संशोधन** : कुल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजको लागि गाउँपालिका अध्यक्ष समक्ष सिफारिश गरी पठाउनु पर्ने छ । गाउँपालिका अध्यक्षबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिने छ ।

२७. **नियम बनाउन सक्ने** :

१. संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारण सभाबाट पारित गराई लागू हुनेछ र भोटखोला गाउँपालिका अध्यक्षलाई सो को जानकारी दिनु पर्ने छ ।

२. यो विधान र विधान अन्तर्गत बनेको नियमको अधिनमा रही संस्थाको कार्य संचालन र उद्देश्य कार्यान्वयनका लागि कार्य समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई लागु गर्न सक्नेछ । त्यस्तो विनियमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

२८. **कर्मचारीको व्यवस्था** :

(क) संस्थाको दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारी दरवन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिए वमोजिम हुनेछ ।

(ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको संचालन गर्ने कार्यान्वयन विदेशी सल्लाहकार वा स्वयंसेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि पुर्‍याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण जिल्ला प्रशासन कार्यलय, जिल्ला समन्वय समिति र समाज कल्याण परिषद्मा समेत जानकारी गराइने छ ।

२९. **संस्था खारेजी** :

१. साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेजी गर्न सक्नेछ ।

२. उप-दफा १ वमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा वढी लिक्विडेटरहरु र संस्थाको हिसाव किताव गर्नाको लागि एक वा एक भन्दा वढी लेखापरिक्षकहरु नियुक्त गर्न सक्नेछन ।

३. उप-दफा (२) वमोजिम नियुक्त लिक्विडेटर र लेखा परिक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए वमोजिम हुनेछ ।

४. यसरी कारणवश संस्था विघटन भई खारेजे भएमा संस्थाको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जाय जेथा नेपाल सरकारको हुनेछ ।

३०. <u>व्याख्या</u> : यो विधान र विधान अन्तरगत वनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

३१. <u>गोप्यता भंग गर्न नहुने</u> : यस संस्थाका कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले वैठक वा साधारण सभामा असभ्य र अश्लिल शव्दको प्रयोग गर्न पाईने छैन ।

३२. <u>ऐन अनुसार हुने</u> : यस विधानमा उल्लेख नभएका कुराहरु कानून वमोजिम हुनेछ र संस्था दर्ता ऐन, भोटखोला गाउँपालिका संस्था दर्ता कार्यविधि २०७५ र प्रचलित कानूनसंग वाझिन गएमा वाझिएको हदसम्म स्वत : निष्कृय हुनेछन ।

३३. <u>निर्देशनको पालना</u> : भोटखोला गाउँपालिकाले समय, समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

३४. <u>तदर्थ समिति</u> :

१. यस संस्था स्थापना गरी दर्ता गराउनुको लागि गठित तदर्थ समितिले ६ महिना भित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्यसमितिको निर्वाचन गराउने छ र सो को जानकारी स्थानीय अधिकारीलाई दिइने छ ।

२. प्रथम पटक निर्वान सम्पन्न नभएसम्मको अवस्थामा कार्यसमितिले गरेका काम कारबाहीहरु यसै विधान सरह भएको मानिनेछ ।

३५. हामी "......................................" निम्न संस्थापकहरु यस विधान वमोजिम कार्य गर्न मन्जुर भई सहीछाप गर्दछौं ।

| क्र.स. | नाम थर | उमेर | बावु/पतिको नाम | बाजेको नाम | ना.प्र.नं. | साविक ठेगाना | हालको स्थानीय तह अनुसारको ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २ | | | | | | | | |